# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

**<u>आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८०</u>**

आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको मापदण्ड बनाएको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **<u>आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को दफा २ मा संशोधनः</u>** आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० (यस पछि “मूल मापदण्ड” भनिएको) को दफा २ को खण्ड (ख) मा रहेका “राष्ट्रिय प्राथमिकतामा परेका र तयारी पूरा भएका आयोजना” भन्ने शब्दहरुको सट्टा “राष्ट्रिय प्राथमिकतामा परी तयारी पूरा भएका आयोजना” भन्ने शब्दहरु राखिएका छन्।

**३.** **<u>मूल मापदण्डको दफा ३ मा संशोधनः</u>**- मूल मापदण्डको दफा ३ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "कात्तिक मसान्तसम्म" भन्ने शब्दहरुको सट्टा "माघ मसान्तसम्म" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरु झिकिएका छन्।

४. **<u>मूल मापदण्डको दफा ४ मा संशोधनः</u>** मूल मापदण्डको दफा ४ को उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर दफा ६ को उपदफा (१) बमोजिमका आयोजना बाहेक एक करोड रुपैयाँभन्दा कम रकम सुरु विनियोजन भएको आयोजना स्रोत सहमतिको लागि प्रस्ताव गर्न पाइने छैन।"

५. **<u>मूल मापदण्डको दफा ६ मा संशोधनः</u>-** मूल मापदण्डको दफा ६ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) बहुवर्षीय ठेक्काको स्रोत सहमतिबाट आगामी आर्थिक वर्षका लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही आर्थिक वर्षमा सम्बन्धित मन्त्रालय वा निकायलाई प्राप्त बजेट सीमाभित्रबाट इयरमार्क गरी व्यवस्थापन गर्नु पर्नेछ।"

(२) उपदफा (४) झिकिएको छ।

(३) उपदफा (७) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "मङ्सिर मसान्तसम्म" भन्ने शब्दहरुको सट्टा "चैत मसान्तसम्म" भन्ने शब्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (८) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर ठेक्का मूल्याङ्कनको अन्तिम चरणमा रहेको आयोजनाको हकमा त्यस्तो समय सीमा लागु हुने छैन।"

६. **<u>मूल मापदण्डको दफा ७ मा संशोधनः</u>** मूल मापदण्डको दफा ७ को उपदफा (२) मा रहेका "सम्बन्धित आर्थिक वर्षका लागि" भन्ने शब्दहरुको सट्टा "आगामी आर्थिक वर्षका लागि" भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>मूल मापदण्डको अनुसूचीमा संशोधनः</u>** मूल मापदण्डको-,

(१) अनुसूची-३ को क्रमसङ्ख्या ७ को सट्टा देहायको क्रमसङ्ख्या ७ राखिएको छः-

"७. आयोजनाको लागि जग्गा प्राप्तिको सुनिश्चितता भएको।"

(२) अनुसूची-५ को क्रमसङ्ख्या ४ को सट्टा देहायको क्रमसङ्ख्या ४ राखिएको छः-

"४. आयोजनाको लागि जग्गा प्राप्तिको सुनिश्चितता भएको।"

**आज्ञाले,**
**डा. कृष्णहरि पुष्कर**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।